मध्यपश्चिम विश्वविद्यालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२/०१/३०

मध्यपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना

मध्यपश्चिम विश्वविद्यालय कार्यकारी परिषदबाट नियुक्ति गरिने पदाधिकारीहरूको नियुक्तिको निश्चित आधार मापदण्ड बनाई ती मापदण्डमा आधारित स्वतन्त्र र निष्पक्ष रूपमा प्रतिस्पर्धा गराई नियुक्तिका लागि सिफारिस गर्नु वान्छनीय भएकोले मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद १ नियम २ ज्ञ २२ (४) र परिच्छेद ३८ को नियम २१४ (१) अनुसार यो कार्यविधि २०८२ तयार गरिएको छ ।

परिच्छेद—१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "मध्यपश्चिम विश्वविद्यालय पदाधिकारी सिफारिसका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि २०८२" रहेको छ ।

ख) यो कार्यविधि मध्यपश्चिम विश्वविद्यालयको कार्यकारी परिषदबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ।

परिच्छेद—२

परिभाषा

२. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले मध्यपश्चिम विश्वविद्यालय ऐन २०६७ लाई सम्झनु पर्दछ ।

(ख) "विश्वविद्यालय" भन्नाले मध्यपश्चिम विश्वविद्यालय ऐन २०६७ को दफा बमोजिम स्थापित मध्यपश्चिम विश्वविद्यालयलाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९, आर्थिक प्रशासनिक नियमावली २०६९ शिक्षक कर्मचारी नियमावली २०६९ सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले मध्यपश्चिम विश्वविद्यालय पदाधिकारी छनोटका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि २०८२ लाई सम्झनु पर्दछ ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले ऐनको दफा १२ बमोजिमको कार्यकारी परिषद् लाई सम्झनु पर्दछ ।

(च) "सङ्काय" भन्नाले ऐनको दफा १४ बमोजिम गठित सङ्कायलाई सम्झनु पर्दछ ।

छ) "स्कुल" भन्नाले मध्यपश्चिम विश्वविद्यालयका ग्राजुयट स्कुल र स्कुल अफ म्यानेजमेन्ट लाई सम्झनु पर्दछ ।

(ज) "क्याम्पस" भन्नाले मध्यपश्चिम विश्वविद्यालयका केन्द्रीय क्याम्पस, आंगिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसहरुलाई सम्झनु पर्दछ ।

(झ) "उपकुलपति" भन्नाले ऐनको दफा २४ बमोजिम नियुक्त उपकुलपतिलाई सम्झनु पर्दछ ।

(ञ) "रजिष्ट्रार" भन्नाले ऐनको दफा २५ बमोजिम नियुक्त रजिस्ट्रारलाई सम्झनु पर्दछ ।

(ट) "डिन" भन्नाले ऐनको दफा २६ बमोजिम नियुक्त डिन लाई सम्झनु पर्दछ।

(ठ) "निर्देशक" भन्नाले ऐनको दफा २७ बमोजिम नियुक्त प्रमुख सम्झनु पर्दछ र सो शव्दले मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक -प्रशासनिक नियमावली २०६९बमोजिम नियुक्त हुने कार्यकारी निर्देशक पनि सम्झनु पर्दछ ।

(ड) "परीक्षा प्रमुख" भन्नाले मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद १९ को नियम १४४ को उपनियम (२) बमोजिम नियुक्त परीक्षा प्रमुख सम्झनु पर्दछ।

(ढ) "उम्मेदवार" भन्नाले प्रतियोगितामा सम्मिलित हुन मान्यता प्राप्त विश्वविद्यालयमा स्थायी सेवामा कार्यरत न्यूनतम योग्यता पुगेका उम्मेदवार, पदाधिकारी वा व्यक्तिलाई समेत जनाउंदछ ।

(ण) "प्रतियोगिता" भन्नाले विश्वविद्यालयको नियम अनुसार पदाधिकारीको लागी आव्हान गरिएको प्रतियोगिता सम्झनु पर्दछ ।

(त) "पदाधिकारी" भन्नाले विश्वविद्यालयको ऐन नियम अनुसार तोकिएका पदाधिकारी सम्झनु पर्दछ ।

(थ) "छनोटतथा सिफारिस समिति" भन्नाले विश्वविद्यालयको कार्यकारी परिषद् ले पदाधिकारी पदपूर्तिको लागी गठन गरेको एक स्वतन्त्र समिति सम्झनु पर्दछ ।

(द) "शैक्षिक उपाधि" भन्नाले यस कार्यविधि मा तोकिएको उपाधिलाई सम्झनु पर्दछ ।

(ध) "अङ्क" भन्नाले शैक्षिक उपाधि, कार्य अनुभव, प्राज्ञिक अनुभव, अनुसन्धान सम्बन्धी लेख वापत प्राप्त हुने अङ्क र यस कार्यविधिमा विभिन्न शीर्षकमा तोकिए बमोजिम प्राप्त हुने अङ्क सम्झनु पर्दछ।

(न) "संयोजक" भन्नाले यस कार्यविधि बमोजिम पदाधिकारी सिफारिसका लागी गठित सिफारीस समितिको संयोजक सम्झनु पर्दछ ।

परिच्छेद—३

छनोट समिति

३. छनोट समितिको गठन

मध्यपश्चिम विश्वविद्यालयमा डिन , कार्यकारी निर्देशक र परीक्षा व्यवस्थापन प्रमुख को पद रिक्त भएमा कार्यकारी परिषद्द्वारा तीन सदस्यीय पदाधिकारी छनोट तथा सिफारिस समिति गठन गरिने छ । उक्त समितिमा कम्तिमा एकजना नेपाल सरकार बाट मान्यता प्राप्त विश्वविद्यालयको बहालवाला वा अवकास प्राप्त प्राध्यापक/ सहप्राध्यापक संयोजक रहनेछ । कार्यकारी परिषदले तोकी पठाएको पद र पदको संख्याको आधारमा विज्ञापन भएको साधारणतया १ महिना भित्र छनोटतथा सिफारिस प्रक्रिया टुंगो लगाई तीन जनाको नाम वर्णानुक्रम अनुसार कार्यकारी परिषदमा सिफारिस गरिनेछ। नाम सिलबन्दी गरी कार्यकारी परिषदमा बुझाईसकेपछि यो समिति स्वतः निस्कृय हुने छ ।

४. छनोट समितिको काम, कर्तब्य र अधिकार

परिच्छेद ३ को नियम ३ बमोजिम गठित छनोटसमितिको काम, कर्तब्य र अधिकार निम्नानुसार हुने छः

क) विश्वविध्यालयले प्रकाशित गरेको सूचना बमोजिम आवेदनहरु सङ्कलन गर्ने ।

ख) आवेदकहरुको तोकिएबमोजिम न्यूनतम् योग्यता पुगे/नपुगेको जाँच गर्ने र न्यूनतम् योग्यता नपुगेका आवेदकहरुको आवेदन रद्द गरि निजलाई कारणसहित सो को जानकारी दिने ।

ग) आवेदन दिने मिति समाप्त भएको दिनले साधारणतया ७ दिन भित्रै योग्य आवेदकहरुको अन्तर्वार्ताको मिति तोक्ने र निजहरू को अन्तर्वार्ता लिने ।

घ) अङ्क बिभाजनका तोकिएबमोजिम शीर्षकहरूमा आवेदकहरुले प्राप्त गर्ने प्राप्ताङ्कहरु प्रदान गर्ने ।

ङ) छनोट प्रक्रियाका हरेक चरणमा गोपनियता कायम राख्ने ।

च) आवेदकहरुले प्राप्त गरेको प्राप्ताङ्कको वरीयता क्रममा बढीमा तीनजना आवेदकहरूको नाम सिलबन्दी गरि कार्यकारी परिषदमा बुझाउने ।

परिच्छेद –४

न्यूनतम योग्यता, सिफारिसका आधार, मापदण्ड तथा पूर्णाङ्क विभाजन

५. डिन सिफारिसका न्यूनतम योग्यता, आधार र मापदण्डः

(क) **डिन सिफारिस सम्बन्धि न्युनतम योग्यताः** डिन पदको लागि आवश्यक योग्यता सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद ३३ को नियम १८६ (१) बमोजिम हुने छ ।

(ख) **डिन सिफारिसका आधार र मापदण्डः** डिनको नियुक्तिको आधार मापदण्ड र मुल्याङ्कनका लागि निर्धारण गरिएका अङ्कभार देहाय बमोजिम रहने छन ।

क्र.सं.	आधार	मापदण्ड	पूर्णाङ्क	पूर्णाङ्क को विस्तृतीकरण र अङ्क विभाजन
१	शैक्षिक योग्यता	शैक्षिक योगयता वापत	१०	एम.फिल – ५ पी.एच .डी -१०
२	क्षेत्रगत कार्य अनुभव	विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसनधानको क्षेत्रमा कम्तीमा पनि १० वर्षको कार्य अनुभव भएको	१०	विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्राध्यापक भए प्रति वर्ष १ सह-प्राध्यापक भए प्रतिवर्ष ०.५ दरले अधिकतम १० अङ्क (तत्काल कार्यरत पदको मात्र सेवा अवधि गणना गरिने छ)
३	व्यवस्थापकीय, प्रशासकीय कार्य अनुभव	विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय र प्रशासकीय पदमा काम गरेको	१०	प्रति बर्ष १ अङ्क का दरले अधिकतम १० अङ्क
४	शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक र प्रतिवेदन	शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु	५	परियोजना प्रतिवेदनको २.५ अङ्क का दरले परियोजनामा आधारित प्रतिवेदन/प्रकाशनको अधिकतम ५ अङ्क (कार्य सम्पन्न भएको प्रमाण पेस गर्नु पर्ने)

Mid-West University Surkhet, Nepal

		सफलतापूर्वक सम्पन्न गरेको		
५	Patent right, एम. फिल , PhD थेसिस, सुपरिवेक्षण वापत	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Patent right र प्रमुख सुपराभाइज रही PhD थेसिस पूरा गराएको	५	Patent right प्रतिगोटा ५ अङ्क का दरले अधिकतम ५ अङ्क PhD थेसिस, प्रतिगोटा ५ अङ्क का दरले अधिकतम ५ अङ्क एम.फिल थेसिस, प्रतिगोटा २.५ अङ्क का दरले अधिकतम ५ अङ्क
६	लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन	मान्यता प्राप्त इन्डेक्स वा पियर रिभ्यू जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक प्रकाशन गरेको	२०	Scimago / Scopus Journal मा प्रकाशित लेख प्रति लेख ४ (अधिकतम ८) अन्तर्राष्ट्रिय Journal मा प्रकाशित लेख प्रति लेख वा NEPJOL मा प्रकशित प्रति लेख २ (अधिकतम ८) राष्ट्रिय Journal Peer Reviewed मा प्रकाशित लेख प्रति लेख १ (अधिकतम ३) सन्दर्भ पुस्तक वा पाठ्यपुस्तक प्रति पुस्तक १.५ (अधिकतम ३) अनुसन्धान पुस्तक र लेखमा प्रथम लेखक भए सो वापतको पूणांक अङ्क र अन्य लेखक भए लेखक बिचको दामासाहीले अङ्क दिईने छ । सामावेश गरिएका अनुसन्धान प्रकाशन मात्र मूल्याकन हुने छ । मूल्यांकन सम्बन्धी कुनै अष्पष्टता भएमा छनोट तथा सिफारसि समितिको निर्णय नै आधिकारिक हुनेछ ।।

				नोटः पुस्तक अध्याय (Book Chapter) भएमा सो प्रकाशन भएको पुस्तक अध्याय (Book Chapter)को स्तर अनुसार Scimago / Scopus Journal, अन्तर्राष्ट्रिय Journal वा NEPJOL मा प्रकाशित लेख छनोटसमितिको निर्णय अनुसार मूल्यांकन मूल्यांकन गरिने छ)
७	मध्यपश्चिम विश्वविद्यालय तथा यसका आंगिक क्याम्पसहरुमा कार्य गरेवापत	मध्यपश्चिम विश्वविद्यालय सेवामा रही अटुट रुपले प्राध्यापन गरेका आवेदकका लागि विशेष व्यवस्था	१०	मध्यपश्चिम विश्वविद्यालय वा यसका आंगिक क्याम्पसहरुमा कार्य गरेवापत सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्राध्यापकको प्रति वर्ष १ र सह-प्राध्यापकको प्रति बर्ष ०.५ दरले अधिकतम १० अङ्क
८	कार्य योजना सहितको अवधारणा प्रस्ताव	डिन पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहितको पेस गरेको अवधारणा प्रस्ताव	१५	कार्ययोजना सहित अवधारणा प्रस्ताव मूल्यांकन गरी सो वापत १५ अङ्क प्रदान गरिने छ साथै मूल्यांकनका लागि छनोटतथा सिफारिस समितिले आवश्यक्ता र औचित्यका आधारमा विज्ञहरुलाई आमन्त्रण गरी मूल्यांकन गर्ने वा गराउने छ ।
९	कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता	डिन पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको आधारणा प्रस्ताव उपर प्रस्तुतीकरण	१५	कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता वापत जम्मा १५ अङ्क (छनोटतथा सिफारिस समितिले कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्ता मुल्यांकनका आधार र मापदण्ड तय गरी मूल्यांकन गरिने छ ।
जम्मा पूणाङ्क			१००	

६. कार्यकारी निर्देशक सिफारिसका न्यूनतम योग्यता, आधार र मापदण्डः

क) कार्यकारी निर्देशक पदको लागि आवश्यक योग्यता मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद ७ को नियम ८०(५) बमोजिम योजना विकास तथा अनुगमन निर्देशनालयको कार्यकारी निर्देशक, मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद ८ को नियम ८४(१०) बमोजिम पाठ्यक्रम विकास निर्देशनालयको कार्यकारी निर्देशक, मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद ९ को नियम ८६(८) बमोजिम अन्तराष्ट्रिय सम्बन्ध निर्देशनालयको कार्यकारी निर्देशक, मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद ११ को नियम ९३ (५) बमोजिम अनुसन्धान निर्देशनालयको कार्यकारी निर्देशक हुने छ ।

(ख) कार्यकारी निर्देशकको नियुक्तिको आधार मापदण्ड र मुल्याङ्कनका लागि निर्धारण गरिएका अङ्कभार देहाय बमोजिम रहने छन ।

क्र.सं.	आधार	मापदण्ड	पूर्णाङ्क	पूर्णाङ्क को विस्तृतीकरण र अङ्क विभाजन
१	शैक्षिक योग्यता	शैक्षिक योगयता वापत	१०	एम.फिल -५ पी.एच .डी -१०
२	क्षेत्रगत कार्य अनुभव	विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसनधानको क्षेत्रमा कम्तीमा पनि १० वर्षको कार्य अनुभव भएको	१०	विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्राध्यापक भए प्रति बर्ष २ , सहप्राध्यापकको प्रति बर्ष १.५ वा उपप्राध्यापक भए प्रति वर्ष १ दरले अधिकतम १० अङ्क (तत्काल कार्यरत पदको मात्र सेवा अवधि गणना गरिने छ)
३	व्यवस्थापकीय, प्रशासकीय कार्य अनुभव	विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय र	१०	प्रति बर्ष १ अङ्क का दरले अधिकतम १० अङ्क

		प्रशासकीय पदमा काम गरेको		
४	शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक र प्रतिवेदन	शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफल्तापूर्वक सम्पन्न गरेको	५	परियोजना प्रतिवेदनको २.५ अङ्क का दरले परियोजनामा आधारित प्रतिवेदन/प्रकाशनको अधिकतम ५ अङ्क (कार्य सम्पन्न भएको प्रमाण पेस गर्नु पर्ने)
५	Patent right, स्नातकोत्तर थेसिस, एम. फिल , PhD थेसिस, सुपरीवेक्षण वापत	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Patent right र प्रमुख सुपराभाइज रही PhD थेसिस पूरा गराएको	५	Patent right प्रतिगोटा ५ अङ्क का दरले अधिकतम ५ अङ्क स्नातकोत्तर थेसिस, प्रतिगोटा १ अङ्क का दरले अधिकतम ५ अङ्क एम.फिल थेसिस, प्रतिगोटा २.५ अङ्क का दरले अधिकतम ५ अङ्क PhD थेसिस, प्रतिगोटा ५ अङ्क का दरले अधिकतम ५ अङ्क
६	लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामाग्री प्रकाशन	मान्यता प्राप्त इन्डेक्स वा पियर रिभ्यू जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक प्रकासन गरेको	२०	Scimago / Scopus Journal मा प्रकाशित लेख प्रति लेख ४ (अधिकतम ८) अन्तर्राष्ट्रिय Journal मा प्रकाशित लेख प्रति लेख वा NEPJOL मा प्रकशित प्रति लेख २ (अधिकतम ८) राष्ट्रिय Journal Peer Reviewed मा प्रकाशित लेख प्रति लेख १ (अधिकतम ३) सन्दर्भ पुस्तक वा पाठ्यपुस्तक प्रति पुस्तक १.५ (अधिकतम ३)

				अनुसन्धान पुस्तक र लेखमा प्रथम लेखक भए सो बापतको पूणांक अङ्क र अन्य लेखक भए लेखक बिचको दामासाहीले अङ्क दिईने छ । सामावेश गरिएका अनुसन्धान प्रकाशन मात्र मूल्याकन हुने छ । मूल्यांकन सम्बन्धी कुनै अष्पष्टता भएमा छनोट तथा सिफारिस समितिको निर्णय नै आधिकारिक हुनेछ ।) नोटः पुस्तक अध्याय (Book Chapter) भएमा सो प्रकाशन भएको पुस्तक अध्याय (Book Chapter)को स्तर अनुसार Scimago / Scopus Journal, अन्तर्राष्ट्रिय Journal वा NEPJOL मा प्रकाशित लेख छनोटसमितिको निर्णय अनुसार मूल्यांकन गरिने छ ।
७	मध्यपश्चिम विश्वविद्यालय तथा यसका आंगिक क्याम्पसहरुमा कार्य गरेवापत	मध्यपश्चिम विश्वविद्यालय सेवामा रही अटुट रुपले प्राध्यापन गरेका आवेदकका लागि विशेष व्यवस्था	१०	मध्यपश्चिम विश्वविद्यालय वा यसका आंगिक क्याम्पसहरुमा कार्य गरेवापत सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्राध्यापकको प्रति वर्ष १.५ र सह-प्राध्यापक र उपप्राध्यापकको प्रति बर्ष १ दरले अधिकतम १० अङ्क
८	कार्य योजना सहितको अवधारणा प्रस्ताव	कार्यकारी निर्देशक पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहितको पेस गरेको अवधारणा प्रस्ताव	१५	कार्ययोजना सहित अवधारणा प्रस्ताव वापत १५ अङ्क प्रदान गरिने छ साथै मूल्यांकनका लागि छनोटतथा सिफारिस समितिले आवश्यक्ता र औचित्यका आधारमा विज्ञहरुलाई आमन्त्रण गरी मूल्यांकन गर्ने वा गराउने छ ।

९	कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता	कार्यकारी निर्देशक पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको आधारणा प्रस्ताव उपर प्रस्तुतीकरण	१५	कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता वापत जम्मा १५ अङ्क (छनोटतथा सिफारिस समितिले कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्ता मुल्यांकनका आधार र मापदण्ड तय गरी मूल्यांकन गरिने छ ।)
जम्मा पूणाङ्क			१००	

७ . परीक्षा व्यवस्थापन प्रमुख सिफारिसका न्यूनतम योग्यता, आधार र मापदण्ड:

क) परीक्षा व्यवस्थापन प्रमुख पदको लागि आवश्यक योग्यता मध्यपश्चिम विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनिक नियमावली २०६९ को परिच्छेद १९ को नियम १४४ (५) बमोजिम परीक्षा व्यवस्थापन प्रमुख हुने छ ।

(ख) परीक्षा व्यवस्थापन प्रमुख नियुक्तिको आधार मापदण्ड र मुल्याङ्कनका लागि निर्धारण गरिएका अङ्कभार देहाय बमोजिम रहने छन ।

क्र.सं.	आधार	मापदण्ड	पूर्णाङ्क	पूर्णाङ्क को विस्तृतीकरण र अङ्क विभाजन
१	शैक्षिक योग्यता	शैक्षिक योगयता वापत	१०	एम.फिल -५ पी.एच .डी -१०
२	क्षेत्रगत कार्य अनुभव	विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसनधानको क्षेत्रमा कम्तीमा पनि १० वर्षको कार्य अनुभव भएको	१०	विश्वविद्यालय सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्राध्यापक भए प्रति बर्ष २ , सहप्राध्यापकको प्रति बर्ष १.५ वा उपप्राध्यापक भए प्रति वर्ष १ दरले अधिकतम १० अङ्क (तत्काल कार्यरत पदको मात्र सेवा अवधि गणना गरिने छ)

३	व्यवस्थापकीय, प्रशासकीय कार्य अनुभव	विश्वविद्यालयको पदाधिकारीमा रही व्यवस्थापकीय प्रशासकीय पदमा काम गरेको	१०	प्रति बर्ष १ अङ्कका दरले अधिकतम १० अङ्क
४	शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक र प्रतिवेदन	शैक्षिक–प्राज्ञिक अनुसन्धानमूलक परियोजनाहरु सफल्लतापूर्वक सम्पन्न गरेको	५	परियोजना प्रतिवेदनको २.५ अङ्क का दरले परियोजनामा आधारित प्रतिवेदन/प्रकाशनको अधिकतम ५ अङ्क (कार्य सम्पन्न भएको प्रमाण पेस गर्नु पर्ने)
५	Patent right, स्नातकोत्तर थेसिस, एम. फिल , PhD थेसिस, सुपरिवेक्षण वापत	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Patent right र प्रमुख सुपराभाइज रही PhD थेसिस पूरा गराएको	५	Patent right प्रतिगोटा ५ अङ्क का दरले अधिकतम ५ अङ्क स्नातकोत्तर थेसिस, प्रतिगोटा १ अङ्क का दरले अधिकतम ५ अङ्क एम.फिल थेसिस, प्रतिगोटा २.५ अङ्क का दरले अधिकतम ५ अङ्क PhD थेसिस, प्रतिगोटा ५ अङ्क का दरले अधिकतम ५ अङ्क
६	लेख, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक तथा सन्दर्भ सामग्री प्रकाशन	मान्यता प्राप्त इन्डेक्स वा पियर रिभ्यू जर्नलमा अनुसन्धानमूलक लेख, मान्यता प्राप्त प्रकाशकबाट पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तक प्रकाशन गरेको	२०	Scimago / Scopus Journal मा प्रकाशित लेख प्रति लेख ४ (अधिकतम ८) अन्तर्राष्ट्रिय Journal मा प्रकाशित लेख प्रति लेख वा NEPJOL मा प्रकशित प्रति लेख २ (अधिकतम ८)

				राष्ट्रिय Journal Peer Reviewed मा प्रकाशित लेख प्रति लेख १ (अधिकतम ३) सन्दर्भ पुस्तक वा पाठ्यपुस्तक प्रति पुस्तक १.५ (अधिकतम ३) अनुसन्धान पुस्तक र लेखमा प्रथम लेखक भए सो वापतको पूणांक अङ्क र अन्य लेखक भए लेखक बिचको दामासाहीले अङ्क दिईने छ । सामावेश गरिएका अनुसन्धान प्रकाशन मात्र मूल्याकन हुने छ । मूल्यांकन सम्बन्धी कुनै अष्पष्टता भएमा छनोट तथा सिफारसि समितिको निर्णय नै आधिकारिक हुने छ ।) नोटः पुस्तक अध्याय (Book Chapter) भएमा सो प्रकाशन भएको पुस्तक अध्याय (Book Chapter)को स्तर अनुसार Scimago / Scopus Journal, अन्तर्राष्ट्रिय Journal वा NEPJOL मा प्रकाशित लेख छनोटसमितिको निर्णय अनुसार मूल्यांकन गरिने छ ।
७	मध्यपश्चिम विश्वविद्यालय तथा यसका आंगिक क्याम्पसहरुमा कार्य गरेवापत	मध्यपश्चिम विश्वविद्यालय सेवामा रही अटुट रुपले प्राध्यापन गरेका आवेदकका लागि विशेष व्यवस्था	१०	मध्यपश्चिम विश्वविद्यालय वा यसका आंगिक क्याम्पसहरुमा कार्य गरेवापत सेवामा रही उच्च शिक्षाको प्राध्यापन र अनुसन्धानको क्षेत्रमा काम गरेको प्राध्यापकको प्रति वर्ष १.५ र सह-प्राध्यापक र उपप्राध्यापकको प्रति बर्ष १ दरले अधिकतम १० अङ्क
८	कार्य योजना सहितको	कार्यकारी निर्देशक पदको आवेदकले लिखित रुपमा	१५	कार्ययोजनासहित अवधारणा प्रस्ताव वापत १५ अङ्क प्रदान गरिने छ

	अवधारणा प्रस्ताव	आफ्नो पदीय भूमिका र कार्ययोजनासहितको पेस गरेको अवधारणा प्रस्ताव		साथै मूल्यांकनका लागि छनोट तथा सिफारिस समितिले आवश्यक्ता र औचित्यका आधारमा विज्ञहरूलाई आमन्त्रण गरी मूल्यांकन गर्ने वा गराउने छ ।
९	कार्य योजना सहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता	कार्यकारी निर्देशक पदको आवेदकले लिखित रुपमा आफ्नो पदीय भूमिका र कार्य योजना सहित पेस गरेको आधारणा प्रस्ताव उपर प्रस्तुतीकरण	१५	कार्ययोजनासहितको अवधारणा प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ता वापत जम्मा १५ अङ्क (छनोटतथा सिफारिस समितिले कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्ता मुल्यांकनका आधार र मापदण्ड तय गरी मूल्यांकन गरिने छ ।
जम्मा पूर्णाङ्क			१००	

परिच्छेद –५

सिफारिस सम्बन्धी अन्य व्यवस्था

८. योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्था

(क) उम्मेदवारहरुले विभिन्न आधार/शीर्षकमा प्राप्त गरेको प्राप्ताङ्कको तालिकीकरण गरी योग्यताक्रमको सूची तयार गरिने छ । योग्यताक्रमको आधारमा उक्त सूचीबाट सम्भव भए सम्म ५ जना आवेदकको नाम प्रकाशित गरे पश्चात पेस गरेको प्रस्तावको प्रस्तुतीकरण तथा अन्तर्वार्ताको आधारमा सम्भव भएसम्म तीन जनाको नाम वर्णानुक्रमअनुसार सिफारिस गरिने छ ।

९. सिफारिस बदर हुने व्यवस्था

(क) प्रतियोगीतामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्न झुठ्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस/नियुक्ति स्वतः रद्द हुने छ र कानुनी उपचार खोजिने छ ।

(ख) उम्मेदवारको मुल्याङ्कन तालिकामा कुनै भुलचुक भई पहिले सिफारिस वा नियुक्ति समेत भइसकेको कुनै उम्मेदवार सिफारिस वा नियुक्ति हुन नसक्ने अवस्था प्रमाणित हुन आएमा कार्यकारी परिषद्ले त्यस्ता उम्मेदवारको नियुक्ति बदर गर्न सक्ने छ ।

(ग) प्रतियोगितामा सम्मिलित हुन आवेदन दिएका कुनै उम्मेदवारले अन्तिम नतिजा प्रकाशन हुनुपूर्व नै राजिनामा दिएमा वा कुनै पनि कारणले विश्वविद्यालय सेवाबाट अवकाश पाएमा त्यस्ता उम्मेदवारको आवेदन फाराम तथा सिफारिस भई सकेको भए त्यस्तो सिफारिस समेत स्वत रद्द हुने छ ।

परिच्छेद–६

विविध

१०. **मर्यादा कायम गर्नु पर्ने:** प्रतियोगितामा सम्मिलित हुनै उम्मेदवारले झुठ्ठा विवरण दिएमा वा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा छनोटतथा सिफारिस समितिले निजको सो विज्ञापन परेको आवेदन फाराम लगायतका सबै कुरा रद्द गरी त्यस्तो उम्मेदवारलाई निजको कसुर हेरी विश्वविद्यालयबाट लिइने कुनै पनि पदीय प्रतियोगितामा कुनै खास अवधिको लागि (बढीमा पाँच वर्षसम्म) भाग लिन नपाउने गरी कार्यकारी परिषद्ले अयोग्य घोषित गर्न सक्ने छ ।

११. **व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने व्यवस्था**

(क) मध्यपश्चिम विश्वविद्यालय पदाधिकारी सिफारिसका आधार, मापदण्ड र सिफारिस सम्बन्धी कार्यविधि २०८२ मा स्पष्ट उल्लेख भएको व्यवस्था बाहेक अन्यको हकमा मध्यपश्चिम विश्वविद्यालय, कार्यकारी परिषद्ले निर्णय गरे बमोजिम हुने छ ।

(ख) यो कार्यविधि अन्तिम व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार मध्यपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्लाई हुने छ ।